प्रतापपुर गाउँपालिका ,बेलाटारी नवलपरासी

लुम्बिनी प्रदेश,नेपाल

स्थानीय राजपत्र

कार्यपालिकाबाट संविधानको धारा २२६ बमोजिम प्रतापपुर गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०८० सालको नियम नं.-०१

# एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८०

गाउँ कार्यपालिका बाट स्वीकृत मितिः २०८० ।०४।२२

प्रस्तावना : यस प्रतापपुर गाउँपालिका बेलाटारी,नवलपरासी(ब.सु.प.) द्वारा एम्बुलेन्स सेवालाई सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्सलाई जनताको पहुँचसम्म पुयाई सेवाको गुणस्तर बृद्धि गर्नुपर्ने भएकोले यो एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि - २०८० तयार पारिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :-

(क) यस कार्यविधिको नाम एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

१."गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिकालाई सम्झनुपर्छ ।

२."एम्बुलेन्स" भन्नाले विरामी ओसार पसार ल्याउने / पुऱ्याउने वाहनलाई सम्झनु पर्दछ ।

३."एम्बुलेन्स" जनशक्ति भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी तथा चालकलाई सम्झनुपर्दछ ।

४."चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्दछ ।

५."संस्था"भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने स्वास्थ्य संस्थालाई सम्झनुपर्दछ ।

६."समिति"भन्नाले एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्न गठन भएको समितिलाई सम्झनुपर्दछ ।

६."शुल्क"भन्नाले समितिले तोकेको अनुमति, नवीकरण तथा सेवा शुल्कलाई सम्झनु पर्दछ ।

७."सेवा"भन्नाले एम्बुलेन्सले आकस्मीक वा अन्य गम्भीर प्रकृतिका स्थानीय स्तरमा उपचार हुन नसकी सुबिधा सम्पन्न अस्पताल सम्म लाने र ल्याउने विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्दछ ।

## ३.प्रतापपुर गाउँपालिकाको पालिकास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति

यस प्रतापपुर गाउँपालिकाको पालिकास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति देहाय बमोजिम हुनेछ

संयोजक: गाउँपालिका उपाध्यक्ष

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : एम्बुलेन्स संचालन गर्ने स्वास्थ्य संस्थाका ब्यवस्थापन समितिका अध्यक्षहरु

सदस्य: स्थानीय नेपाल रेडक्रस सोसाईटीका प्रतिनिधि

प्रमाणीकरण

सदस्य सचिव : स्वास्थ्य शाखा प्रमुख

आवश्यकता अनुसार अन्य सहयोगी निकायका प्रतिनिधिहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

## ४. प्रतापपुर गाउँपालिकाको पालिकास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको काम ,कर्तब्य र अधिकार

स्वास्थ्य शाखाको सिफारिसमा प्रतापपुर गाउँपालिकाले देहायबमोजिम को काम कर्तब्य गर्नेछ :

१. प्रचलित कानून तथा "एम्बुलेन्स संचालन निर्देशिका २०७८ "मा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन सम्बन्धि नीति बनाउने।

२. एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापनको लागि पालिकास्तरीय कोषको ब्यवस्थापन गर्ने ।

३.जिल्ला तथा अन्य माथिल्ला एम्बुलेन्स व्यवस्थापन समिति तथा प्रेषण केन्द्रहरुसंग समन्वय गर्ने र आवश्यक तालिम को व्यवस्था गराउने

४.सेवा ग्राहीहरुका लागि मापदण्ड बनाइ जिल्ला दररेट अनुसार एम्बुलेन्स भाडाको दर तोक्ने

५. एम्बुलेन्स सेवा निशुल्क प्रदान गर्न आवश्यक बजेट/श्रोतको व्यवस्थापन गर्ने ।

६.बिरामी लिई विदेश जानुपर्ने भएमा एम्बुलेन्सले प्रचलित नियम अनुसार स्वीकृति लिने व्यवस्था मिलाउने

## ५.एम्बुलेन्सको मापदण्ड तथा वर्गीकरण :

१. राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

२. एम्बुलेन्सको पहिचान हुनेगरी साईरन बत्ती जडान, फोर ह्वील ड्राईभ भएको हुनुपर्नेछ ।

३. एम्बुलेन्समा एम्बुलेन्स शब्द अगाडी उल्टो अक्षरबाट र तन अंकको १०२ र गाउँपालिका ,स्वास्थ्य संस्थार चालकको टेलिफोन नं. अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको हुनुपर्नेछ ।

४. एम्बुलेन्सको वर्गिकरण खुल्ने गरी बर्ग उल्लेख भएको हुनुपर्नेछ ।

५. एम्बुलेन्सको चालकको सिट पछाडी कुनैपनि सिट नराखेको हुनुपर्नेछ ।

६. तोकिएको भाडा दर प्रमाणित गराई एम्बुलेन्स भित्र कुनै भागमा टाँस गर्नुपर्नेछ ।

## ६.एम्बुलेन्स सञ्चालनको क्षेत्र सुबिधाः

प्रतापपुर गाउँपालिकाबाट परासी ,भैरहवा, बुटवल, पाल्पा, भरतपुर,दांग, काठमाण्डौ वा छिमेकी गाउँपालिकाहरुबाट माथि उल्लेखित स्थानहरुमा मात्र सञ्चालन गरिने छ भने विशेष परिस्थितिमा विशेष निर्णय गरी अगाडी बढीने छ ।

## ७.एम्बुलेन्स सञ्चालन कोषको व्यवस्थापन :

१.पालिकस्तरमा एकीकृत खाता सञ्चालन गरि बिउ रकम हाली एम्बुलेन्स संचालन कोष स्थापना गरिनेछ ।

२. स्वास्थ्य संस्थास्तरमा एम्बुलेन्स संचालनको लागि छुट्टै खाता संचालन गरिनेछ र एम्बुलेन्सबाट प्राप्त सेवा शुल्क उक्त कोषमा जम्मा गरिनेछ ।

३. स्वास्थ्य संस्थास्तरको कोषमा जम्मा गरेको रकमबाट एम्बुलेन्सको मर्मतसंहार, इन्धन, चालकलाई तलब भत्ता उपलब्ध गराईनेछ । यदि उक्त कोषमा जम्मा भएको रकमबाट अपुग हुन गएमा गाउँपालिकाले थप रकम व्यवस्था गर्नेछ ।

प्रमाणीकरण
उमेश चन्द्र यादव
अध्यक्ष

४.अपुग भएको रकम पालिकाले उपलब्ध गराउदा शुरुमा त्यस एम्बुलेन्स संचालन गर्दाको आय/व्ययको स्पष्ट रहेको प्रतिवेदन सहित स्वास्थ्य संस्थास्तरीय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा उपलब्ध गराईनेछ ,त्यसपछी प्रत्येक आर्थिक बर्षको लेखा परिक्षण को प्रतिवेदन ,सहित स्वास्थ्य संस्था स्तरीय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समिति को सिफारिसमा बढीमा १ लाख सम्म उपलब्ध गराइनेछ ।

५.माथि जे लेखिएको भए पनि पालिकास्तरीय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार अपुग रकम थपघट गर्न सकिनेछ ।

६.प्रतापपुर गाउँपालिका भित्रका गर्भवती महिलालाई सुत्केरी गराउन प्रतापपुर गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा लैजादाको बखतको एक पटकको लागि लाग्ने शुल्क प्रतापपुर गाउँपालिकाले व्यहोर्ने र सो शुल्क गाउँपालिकाले प्रत्येक बर्ष बिनियोजन गर्नेछ ।

७.सुत्केरी ढुवानी गरेबापतको रकम(प्रति सेवाग्राही रु ८००/आठ सय मात्र)सम्बन्धित स्वास्थ्य संस्थाले सुत्केरी भएको प्रमाणित हुने कागजात (मातृ तथा नवजात शिशु कार्डको फोटोकपी/सुत्केरी हुन लगेको स्वास्थ्य संस्थाको सिफारिस आदि) पेश गरि स्वास्थ्य संस्था स्तरीय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा पालिकाबाट सोधभर्ना लिन सक्नेछ ।

## ८.स्वास्थ्य संस्था स्तरीय एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समिति :

सम्बन्धित स्वास्थ्य संस्थाको संचालन तथा व्यवस्थापन समिति नै स्वास्थ्य संस्थास्तरीय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिको रुपमा कार्य गर्ने छ ।

प्रमाणीकरण

७.१ एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्ने कार्य स्वास्थ्य संस्थास्तरीय एम्बुलेन्स सेवा सञ्चालन समितिले गर्नेछ र सो समितिमा रेडक्रस सोसाईटीका प्रतिनिधि १ जना सदस्य रहनेछन साथै आवश्यकता अनुसार अन्य सहयोगी निकायका प्रतिनिधिहरुलाई समेत आमन्त्रित गर्न सकिनेछ ।

## ९. स्वास्थ्य संस्थास्तरीय एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिको, काम , कर्तब्य र अधिकार :

१.प्रचलित कानून तथा एम्बुलेन्स संचालन निर्देशिका २०७८ मा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी पालिकास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको समन्वयमा एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।

२. पालिकास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति ले तोके अनुसारको भाडा लिइ सोको विल सेवाग्राहीलाई उपलब्ध गराउने।

३.विरामीलाई विरामी रहेको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीको बासस्थान सम्म पुर्‍याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्ने व्यवस्था मिलाउने ।

४. एम्बुलेन्सको सेवाबाट कसैलाई पनि बञ्चित नहुने व्यवस्था मिलाउने ।

५. एम्बुलेन्सलाई सातै दिन २४ सै घण्टा सेवा प्रदान गर्न सम्पूर्ण व्यवस्थापकीय प्रबन्ध मिलाउने ।

६. एम्बुलेन्स सेवा प्रदान गरे वापत प्राप्त आम्दानीको अभिलेख राख्न लगाउने र प्रत्येक बर्ष लेखा परिक्षण गराउने र सोको जानकारी गाउँपालिका ( पालिकास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति)लाई गराउने ।

७. एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी र त्यसका लागि भएको खर्च प्रत्येक ४/४ महिनामा स्वास्थ्य संस्थास्तरिय एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिले गाउँपालिका (पालिकास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति )लाई जानकारी गराउनुपर्ने ।

८.एम्बुलेन्स,एम्बुलेन्स चालक ,EMT,एम्बुलेन्समा सवार बिरामी तथा बिरामीको सहयोगीको बिमा गर्ने वा गराउने |

९. गाउँपालिका (पालिकास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समिति ) बाट प्राप्त निर्देशनलाई पालना गर्ने गराउने |

१०.एम्बुलेन्स संचालनको लागि आवश्यक कोष स्थापनाको लागि कोषको व्यवस्था गर्ने |

## १०.एम्बुलेन्स सेवा शुल्क :

एम्बुलेन्स सेवा सञ्चालन गर्नको लागि समितिले तोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बुझ्नु पर्दछ । उक्त दुरी बर्गिकरण गरी जिल्लाको दररेटमा फरक नपर्ने गरिदेहाय बमोजिमको भाडा दर निर्धारण गरि लागु गरिनेछ ।

१. प्रतापपुर गाउँपालिका भरिलाई गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा सेवा लिन जाँदा ५ कि.मी. भित्र सम्म ४००/- रुपैया (एकतर्फी) र ५ कि.मी. भन्दा बढी १० कि.मी. सम्म ८००/- रुपैया (एकतर्फी) ,१० कि.मी.भन्दा बढी भएमा जिल्ला एम्बुलेन्स संचालन समितिले निर्धारण गरेको दररेट अनुसार हुनेछ |

२. अन्य सम्पूर्ण ठाउँमा सेवाग्राहीहरुलाई जिल्ला दररेट अनुसार सेवा शुल्क लिइनेछ|

३. विशेष परिस्थितिले अन्यत्र जानुपर्ने भएमा समितिको विशेष बैठकले निर्णय भए अनुसार हुनेछ । उक्त स्थान हाईवे वाहेकका

शाखा बाटो मार्फत टोल बस्तीमा जाँदा बाटोको दुरी हेरी समितिले भाडा निर्धारण गर्नेछ

## ११.एम्बुलेन्स चालक नियुक्ती सम्बन्धमा :

स्वास्थ्य संस्थास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिले तपसिल अनुसार एम्बुलेन्स चालक नियुक्ति गर्न सक्नेछ

### ११.१ न्युनतम योग्यता

१.नेपाली नागरिक हुनुपर्ने

२. रितपूर्वक सवारी चालक अनुमति पत्र लिएको।

३. सवारी चालकको रुपमा न्यूनतम ५ (पाँच) वर्षको अनुभव भएको।

४. कम्तिमा २४ वर्ष उमेर पूरा गरेको र ५० बर्ष ननाघेको।

५. आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको।

६. कम्तिमा आधारभूत शिक्षा हासिल गरेको|

### ११.२ चयन प्रक्रिया :

१. दफा११.१ अनुसार न्युनतम योग्यता भएकाहरुबाट सम्बन्धित स्वास्थ्य संस्था स्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिले निर्णय गरि नियुक्ति दिई करार सम्झौता बाट पदपूर्ति गरिनेछ।

तर निजको काम सन्तोषजनक नभएमा स्वास्थ्य संस्था स्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले कुनै पनि बेला करार सम्झौता रद्द गर्न सक्नेछ।

## १२.एम्बुलेन्स चालकको मासिक तलब भत्ता निर्धारण सम्बन्धमा :

एम्बुलेन्स चालकको मासिक तलब भत्ता स्वास्थ्य संस्थास्तरीय एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ।

## १३.एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता :

१. एम्बुलेन्स सञ्चालन निर्देशिका २०७८ लाई पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयतालाई कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न पाइने छैन ।

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन पाइने छैन ।

४. विरामी ओसार पसार गर्ने क्रममा विरामीको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्नेछ ।

५. विरामीलाई विच बाटोमा छोड्न पाइने छैन ।

६. दैनिक सेवा शुल्क वापत उठेको रकम समितिले तोकेको बैंक खातामा बढिमा १ हप्ता भित्र जम्मा गरी सोको बैंक भौचर समितिलाई पेश गर्नुपर्नेछ ।

७. आफ्नो कामको सिलसिलामा भएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई बताउन नहुने । तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिनुपर्नेछ ।

८. प्रचलित कानूनको पालना गर्नुपर्नेछ ।

९. सेवाग्राहीबाट प्राप्त तोकिए बमोजिमको एम्बुलेन्स सेवा शुल्क वापतको रकम बुझिलिदा अनिवार्य रुपमा नगदी रसिद प्रदान गर्नुपर्नेछ । रसिद समाप्त भएपछि अर्धकट्टी अनुसारको सबै प्राप्त सेवा शुल्कको कूल जोड जम्मा गरेको नगद वा बैंक भौचरको हिसाब बुझाए पछि मात्रै अर्को नगदी रसिद दिईनेछ ।

१०. कुनै पनि बिरामीलाइ ओसार पसार गर्नु अघि उसको बारेमा एम्बुलेन्स संचालन निर्देशिका २०७८ को अनुसूची १ अनुसारको जानकारी राख्नुपर्ने छ ।

प्रमाणीकरण

११.एम्बुलेन्समा बिरामी तथा निजको कुरुवा बाहेक कुनै किसिमको माल बस्तु राख्न,भण्डारण गर्न र ओसार पसार गर्न पाइनेछैन।

## १४.बिबिध :

१.एम्बुलेन्स संचालन र व्यवस्थापनको जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्था प्रमुखको रहनेछ ,सम्बन्धित स्वास्थ्य संस्थाले एम्बुलेन्सलाई चालु हालतमा राख्ने ,चालकको नियन्त्रण र व्यवस्थापन गर्नुपर्ने छ।

२. सेवाको दौरान बिरामी वा सेवाग्राही बोक्न जाँदा नियमानुसार लाग्ने सेवा शुल्क बिरामी वा निजको अभिभावक वा एम्बुलेन्स सेवाको लागि बोलाउने व्यक्ति संग एबुलेंस चालक तथा स्वास्थ्य संस्थास्तरीय एम्बुलेन्स सेवा संचालन तथा व्यवस्थापन समितिले अशुल गर्नुपर्ने छ।

**३.बाधा अड्काउ फुकाउ :** यो कार्यविधिको सम्बन्धमा भए गरेका बिषयमा बाधा अड्काउ फुकाउने तथा संसोधन गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ।

प्रमाणीकरण